त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.: 93/080/079

मिति: २०८०/०४/०७

श्री योजना निर्देशनालय,
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर ।

विषय: निर्णय पठाइएको सम्बन्धमा।

उपर्युक्त विषयका सम्बन्धमा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को २०८० साउन २ मा बसेको बैठकको निर्णय नं. २१८८ त्यस महाशाखासँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाइएको बेहोरा अनुरोध गर्दछु । निर्णयसँग सम्बन्धित फाइल यसैसाथ संलग्न छ/छैन।

विष्णुप्रसाद अर्याल
प्रमुख

निर्णय नं. २१८८

देहायबमोजिमको त्रिभुवन विश्वविद्यालय विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रम सम्वन्धी विनियम, २०८० पारित गर्ने निर्णय भयो।

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

## त्रिभुवन विश्वविद्यालय

# विशिष्टीकृत उच्च शिक्षा प्रवर्धन कार्यक्रम सम्बन्धी विनियम, २०८०

प्रस्तावना

त्रिभुवन विश्वविद्यालयअन्तर्गत उच्च शिक्षामा प्राज्ञिक उत्कृष्टताको प्रवर्धन (Nurturing Excellence in Higher Education Program (NEHEP) का कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ३९७ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले देहायका विनियमहरू बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी विनियमहरूको नाम "त्रिभुवन विश्वविद्यालय विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रम सम्बन्धी विनियम २०८०" रहेको छ।

(२) यो विनियम तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा—

(क) "ऐन" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ सम्झनु पर्छ।

(ख "नियम" भन्नाले त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० सम्झनु पर्छ।

(ग) "विनियम" भन्नाले त्रिभुवन विश्वविद्यालय विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रम सम्वन्धी विनियम २०८० सम्झनु पर्छ।

(घ) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालयलाई सम्झनुपर्छ।

(ङ) "कार्यकारी परिषद्" भन्नाले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १३ वमोजिम गठित कार्यकारी परिषद् सम्झनुपर्छ।

(च) "अध्ययन संस्थान" भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका विभिन्न अध्ययन संस्थानहरू सम्झनु पर्दछ।

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

(छ) "सङ्काय" भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका विभिन्न सङ्कायहरू सम्झनुपर्छ।

## परिच्छेद २

## त्रिभुवन विश्वविद्यालय विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन र सञ्चालन गर्ने कार्यक्रम सम्बन्धी व्यवस्था

३. त्रिभुवन विश्वविद्यालय विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन र कार्यक्रम सञ्चालनः त्रिभुवन विश्वविद्यालयले नेपाल सरकार र विश्वविद्यालय अनुदान आयोगको सहयोगमा वैज्ञानिक, सृजनात्मक, अनुसन्धानमुखी, प्रविधिमैत्री, रोजगारउन्मुख र समावेशी उच्चशिक्षाको माध्यमबाट ज्ञानमा आधारित समाज र सबल अर्थतन्त्र निर्माणका लागि निम्नलिखित परिणाम प्राप्त गर्ने लक्ष्य राखी सन् २०२१-२२ देखि २०२५-२६ सम्म विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रम (Nurturing Excellence in Higher Education program (NEHEP) सञ्चालन गर्ने उद्देश्य रहेको छ ।

(क) गुणस्तरीय उच्चशिक्षामा न्यायपूर्ण सहभागितामा वृद्धि

(अ) विज्ञान तथा प्रविधिमा भर्ना दरमा वृद्धि,

(आ) पिछडिएको समूह र प्रदेशमा उच्चशिक्षाको लागि छात्रवृत्ति सहयोगमा वृद्धि ।

(ख) उच्च शिक्षा र श्रम वजार अन्तरसम्वन्धमा वृद्धि

(अ) पाठ्यक्रम, शिक्षणविधि र मूल्याङ्कन प्रणालीमा सुधार,

(आ) शिक्षक तथा शैक्षिक संस्था नेतृत्वको क्षमता अभिवृद्धि,

(इ) वौद्धिक-औद्योगिक सहकार्य, अनुसन्धान सहकार्य र उद्यमशीलता, स्तरीय प्रकाशन, पेटेन्टीङ्ग र सामाजिक सहभागिता ।

(ग) सुशासन क्षमता, नियमितता र उच्चशिक्षामा वित्तीय अभिवृद्धि

(अ) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन, गुणस्तरीय शिक्षा र स्वायत्ततामा सबलीकरण,

(आ) विश्वविद्यालय-उच्च शैक्षिक संस्था पुर्नगठन र संस्थाहरू एक आपसमा समायोजन गरी सुशासनमा वृद्धि,

(इ) उत्कृष्टताको केन्द्र निर्माण,

(ई) परिणाममुखी अनुदानमा जोड दिँदै क्षमता र जवाफदेहितामा सुधार ।

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

(घ) उच्च शिक्षामा विद्युतीय प्रणाली (Digitization) को सवलीकरण

(अ) अनलाइन-मिश्रित शिक्षण विधिबाट शिक्षणकला र विद्यार्थी सङ्ख्यामा वृद्धि,

(आ) विद्युतीय प्रणालीको सिकाई मञ्चको स्थापना, अनलाइन प्रकाशनको सवलीकरण र शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) विकास गरी विद्युतीय संशाधनमा सबैको पहुँचका लागि सुधारिएको सहकार्य ।

## परिच्छेद ३

## त्रिभुवन विश्वविद्यालय विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रमका मुख्य उद्देश्य तथा कार्यहरू

४. कार्यक्रमका मुख्य कार्यहरूः विश्वविद्यालय अनुदान आयोग, विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रम (NEHEP) ले त्रिभुवन विश्वविद्यालयलाई सो कार्यक्रमको कार्यान्वयनका लागि सहायक कार्यान्वयन इकाईको जिम्मेवारी दिएबमोजिम सो कार्य कार्यान्वयन गर्न त्रिभुवन विश्वविद्यालय, योजना निर्देशनालयले निम्नलिखित कार्यहरू सञ्चालन गर्नेछ ।

क) विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रम (NEHEP) अन्तर्गत आवश्यक पर्ने नीति, रणनीति, नियम, निर्देशिका निर्माण, प्रकाशन तथा कार्यान्वयन गर्ने ।

ख) समकक्षी ज्ञान आर्जन कार्यक्रम (Peer Learning) एवं सुपरीवेक्षण र मूल्याङ्कनको लागि नीति, रणनीति, निर्देशिका निर्माण गर्ने र शिक्षक विकास कार्यक्रमको उद्धेश्य अनुरुप समकक्षी सिकाई सम्मेलन, क्षेत्रीय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सभा, गोष्ठी, सम्मेलन, सरोकारवाला संघ संस्थाको सहभागितामा सम्पन्न गर्ने ।

ग) विश्वविद्यालयका शिक्षकहरूको अध्ययन, अध्यापन, अनुसन्धान, ज्ञान सिर्जना एवं प्रकाशनमा क्षमता अभिवृद्धि लगायत सम्पूर्ण शैक्षिक विकासका लागि नीति, रणनीति तथा कार्यविधि तयार गर्ने र डीन कार्यालय, अनुसन्धान तथा केन्द्रीय विभागहरू, स्कूलहरू, क्याम्पसहरू र आवश्यकता वमोजिम अन्य निकायसँगको सहकार्यमा शिक्षक विकास कार्यक्रमका (Faculty Development Program) तालीम, विषयवस्तु, तालिम पाठ्यक्रम, तालिम तथा विकास प्याकेज तयार गरी विभिन्न विषय र क्षेत्रहरूमा सञ्चालन गर्ने ।

घ) विश्वविद्यालयका कर्मचारीको सिप, क्षमता अभिवृद्धि गरी प्रभावकारी सेवा प्रवाहको लागि विषयगत, क्षेत्रगत तालिम सञ्चालनका लागि नीति, रणनीति, कार्यविधि तयार गरी महाशाखाहरूको समन्वयमा तालिम सञ्चालन गर्ने, सुपरिवेक्षण र मूल्याङ्कन गर्ने ।

## त्रिभुवन विश्वविद्यालय
# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
**कीर्तिपुर, काठमाडौं, नेपाल**

प.सं.स.का.प.च.नं.:

ङ) विश्वविद्यालयका आङ्गिक क्याम्पसहरू, केन्द्रीय विभागहरू, विभागहरू, स्कूलहरू लगायतका अन्य शैक्षिक इकाईहरूको नेतृत्व विकासको लागि नीति, रणनीति तथा कार्यविधि निर्माण गरी क्षमतायुक्त, प्रतिस्पर्धी, शैक्षिक नेतृत्व निर्माणका लागि सभा, गोष्ठी, सम्मेलन, तालिम सञ्चालन गर्ने ।

च) शैक्षिक नेतृत्वको प्रतिस्पर्धा छनोट, सेमिनार, कार्यशाला गोष्ठी, सहकार्यात्मक अनुसन्धान तथा सम्मेलन, अवलोकनका कार्यक्रमको नीति, रणनीति तथा कार्यविधिको तयार गरी सोको कार्यान्वयन गर्ने ।

छ) उच्च शिक्षामा विद्युतीय प्रणाली (ICT) को सञ्जाल, सिकाई व्यवस्थापन प्रणाली (LMS) भर्चुयल सिकाई वातावरण, EMIS, सम्वन्धी नीति, रणनीति, निर्माण गर्ने । विद्युतीय संशाधन, संरचना, सिकाई व्यवस्थापन प्रणाली (LMS/VLS), विद्युतीय श्रोतद्धारा क्षमता अभिवृद्धि गरी विश्वविद्यालयको सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रभावकारी कार्यान्वयन गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने ।

ज) श्रम बजार केन्द्रित (Labor Market Driven) नीति, रणनीति तथा कार्यविधि तयार गरी श्रम बजार केन्द्रित पाठ्यक्रम विकास गर्ने, व्यवसायिक समुदाय, सरोकारवाला एवं समकक्षी लगायत अन्य समूहसँग सभा, कार्यशाला गोष्ठी, सम्मेलन गरी तयार पारिएको श्रम बजार केन्द्रित पाठ्यक्रमको कार्यान्वयन गर्ने साथै सोको सुपरीवेक्षण र मूल्याङ्कन गर्ने ।

झ) वातावरण संरक्षण एवं सामाजिक सुरक्षा सम्वद्ध कार्यक्रमका साथै विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रम (NHEP) 2021/22 - 2025/26) ले निर्दिष्ट गरेका अन्य कार्यहरू गर्ने ।

ञ) नेपाल सरकारको विभिन्न मन्त्रालय, विभाग, तथा तालिम एवं अध्ययन अनुसन्धान निकाय र अन्तर्राष्ट्रिय अध्ययन, अनुसन्धान तथा तालिम निकाय र सोही प्रकृतिका अन्य निकायसँग विश्वविद्यालयलको तर्फबाट विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन लक्ष्य प्राप्तीका लागि दुई पक्षीय सम्झौता (MOU) गर्ने र सोको कार्यान्वयन गर्ने ।

ट) विश्वस्तरीय अनुसन्धान, उच्च प्रभाव भएका (SJR) जर्नलहरूमा प्रकाशन गर्ने उत्कृष्ट शिक्षक तथा कर्मचारीहरूलाई प्रोत्साहन गर्न शैक्षिक, वौद्धिक, उत्कृष्ट पुरस्कार प्रदान गर्न विश्वविद्यालय अनुदान आयोगमा सिफारिस गर्ने ।

परिच्छेद ४

कार्यक्रम समन्वय परिषद्

५. कार्यक्रम समन्वय परिषद् गठनः नेपाल सरकार र विश्व बैंकवीच भएको सम्झौता वमोजिम त्रिभुवन विश्वविद्यालय र यस सम्वद्ध, डीन कार्यालयहरू, विभागहरू, स्कूलहरू, क्याम्पसहरूमा सञ्चालन हुने विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रम (Nurturing Excellence in Higher Education Program (NEHEP)) सञ्चालन, नियन्त्रण, कार्यान्वयन र अनुगमन गर्न आवश्यक नीति निर्देशन दिन देहायबमोजिमको कार्यक्रम समन्वय परिषद् (Program Co-ordination Council) गठन हुनेछ।

| | |
|---|---|
| उपकुलपति | संयोजक |
| शिक्षाध्यक्ष | सदस्य |
| रजिष्ट्रार | सदस्य |
| योजना निर्देशक | सदस्य सचिव |

६. कार्यक्रम समन्वय परिषद्को बैठक सम्बन्धी व्यवस्थाः विनियम ५ बमोजिमको परिषदको बैठक सञ्चालनसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ।

क) कार्यक्रम समन्वय परिषद्को बैठक संयोजकको पूर्व स्वीकृति लिई सदस्य सचिवले बोलाउनेछ।

ख) बैठक बस्ने सूचना गर्दा मिति, स्थान र बैठकमा पेश गर्ने प्रस्तावहरू सदस्यहरूलाई सदस्य सचिवालयले उपलब्ध गराउनेछ ।

ग) परिषद्को बैठकमा आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ र बैठकमा उपस्थित सबै व्यक्तिहरूले नियमानुसार बैठक भत्ता उपलव्ध पाउनेछन् ।

घ)कार्यक्रम समन्वय परिषद्को बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

परिच्छेद ५

कार्यक्रम कार्यान्वयन समिति

७. कार्यक्रम कार्यान्वयन समितिः कार्यक्रम व्यवस्थापन, कार्यान्वयन र अनुगमन गर्न तथा कार्यान्वयन तहमा आइपर्ने आवश्यक अन्य कार्य गर्न देहायबमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन हुनेछ।

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

| | |
|---|---|
| रजिष्ट्रार | संयोजक |
| कार्यकारी निर्देशक, अनुगमन निर्देशनालय | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन महाशाखा | सदस्य |
| प्रमुख, सामान्य प्रशासन महाशाखा | सदस्य |
| प्रमुख, कानूनी सल्लाहकारको कार्यालय | सदस्य |
| योजना निर्देशक, योजना निर्देशनालय | सदस्य सचिव |

८. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य, अधिकारः विनियम ७ बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) समितिले त्रिभुवन विश्वविद्यालय विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रम (NEHEP) ले तय गरेका उद्देश्य प्राप्तिका निम्ति गर्नुपर्ने आवश्यक कार्यको व्यवस्थापन तथा कार्यान्वयन गर्ने,

(ख) कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी कार्यान्वयन एवं सुपरिवेक्षण र मूल्याङ्कन सम्बन्धमा आवश्यक निर्णय गरी अनुमोदनका निम्ति कार्यक्रम समन्वय परिषदमा पेश गर्ने।

९. समितिको बैठक सम्बन्धी व्यवस्थाः विनियम ७ बमोजिमको समितिको बैठक सञ्चालनसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ।

(१) सदस्य सचिवले बैठक बस्नु पूर्व बैठकको मिति, स्थान, समय र छलफलका विषय उल्लेख गरी संयोजकको स्वीकृतिमा बैठक बोलाउनेछ ।

(२) बैठकमा आवश्यकताअनुसार विज्ञहरू आमन्त्रण गर्न सकिनेछ र सबै सदस्य तथा आमन्त्रित विज्ञलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराइनेछ ।

(३) कार्यक्रम व्यवस्थापन र कार्यान्वयन समितिको बैठक आवश्यकताअनुसार बस्न सक्नेछ ।

(४) समितिको बैठक बसी भएका निर्णयहरू अनुमोदनका निम्ति कार्यक्रम समन्वय परिषद् बैठकमा प्रस्तुत गरिनेछ।

१०. कार्यान्वयन इकाईः (१) त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को निर्णय र विश्वविद्यालय अनुदान आयोगबाट स्वीकृत भए वमोजिम विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रम त्रि.वि. योजना निर्देशनालयबाट सञ्चालित हुनेछ ।

प.सं.स.का.प.च.नं.:

(२) आवश्यकता अनुरुप विश्वविद्यालयअन्तर्गतका डीन कार्यालयहरू, निर्देशनालयहरू, महाशाखाहरू र अन्य निकायहरू एवं व्यवसायिक, सामाजिक संघ संस्थासँग संयुक्त रुपमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(३) विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रममा व्यवस्था भए बमोजिम विश्वविद्यालय अनुदान आयोग प्रमुख कार्यान्वन इकाई र त्रिभुवन विश्वविद्यालय योजना निर्देशनालयद्धारा सञ्चालित यो कार्यक्रम त्रिभुवन विश्वविद्यालयमा सञ्चालन, कार्यान्वयन र मूल्याङ्कनको सहयोगी (Subsidiary) कार्यान्वयन इकाईको रुपमा रहनेछ।

(४) विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रमका उद्देश्य प्रासिका लागि परिच्छेद ३ बमोजिमका कार्य गर्नको लागि कार्यक्रम समन्वय परिषद्को निर्णयबाट त्रिभुवन विश्वविद्यालयमा कार्यरत पूर्णकालीन कर्मचारी तथा शिक्षकहरू मध्येबाट पूर्णकालीन वा आंशिक समय काम गर्नेगरी कार्यक्रम संयोजकको रुपमा काम गर्न योजना निर्देशनालयमा खटाउन सकिनेछ। यसरी खटिएका कार्यक्रम संयोजकको सर्त, सुविधा तथा भत्ता कार्यक्रम समन्वय परिषद्ले तोकेबमोजिम हुनेछ।

## परिच्छेद ६

## कार्य क्षेत्र, पद्धति र व्याख्या

११. कार्यक्रमको क्षेत्रः त्रिभुवन विश्वविद्यालयलाई उच्चशिक्षाको उत्कृष्टताको केन्द्र बनाउने सन्दर्भमा विश्वविद्यालय अनुदान आयोगले प्रतिपादन गरेको विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रमले निर्दिष्ट गरेको गुणस्तरीय उच्चशिक्षा, उच्चशिक्षा र श्रमबजार अन्तरसम्बन्ध, सुशासन, शिक्षक, कर्मचारीको क्षमता अभिवृद्धि, नेतृत्व विकास, अनुसन्धान प्रवर्धन, शिक्षण क्रियाकलाप र सेवा प्रवाहमा विद्युतीय प्रणाली एवं वातावरण संरक्षण र सामाजिक सुरक्षा लगायतका त्रिभुवन विश्वविद्यालयको लक्ष्य र उद्देश्यहरू प्रासिका लागि गर्नुपर्ने कार्यहरू यस कार्यक्रमको मुख्य क्षेत्र हुनेछन्।

१२. कार्य पद्धतिः कार्यक्रम समन्वय परिषदबाट नीतिगत निर्णयहरू स्वीकृत गरी कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन समितिले निर्णय गरेबमोजिम योजना निर्देशनालयबाट कार्य सम्पादन हुनेछ। कार्य सम्पादनका लागि आवश्यकता अनुरुप त्रिभुवन विश्वविद्यालयअन्तर्गत डीन कार्यालयहरू, अनुसन्धान केन्द्रहरू, निर्देशनालयहरू, महाशाखाहरू, क्याम्पसहरू, स्कूलहरू तथा केन्द्रीय विभागसँगको समन्वयमा सञ्चालन हुनेछन्। विशिष्टीकृत कार्य सम्पादनका लागि राष्ट्रिय एवं अन्तराष्ट्रिय संघसंस्थासँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन हुन सक्नेछन्। राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघसंस्थासँगको सहकार्यमा कार्य गर्दा द्विपक्षीय सम्झौताबमोजिम नै कार्य सम्पादन हुनेछ।

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

## परिच्छेद ७

## पारिश्रमिक तथा खर्च पद्दति

१३. पारिश्रमिक तथा खर्च पद्दतिः (१) विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रमअन्तर्गत आवश्यक पर्ने र तोकिएका प्रत्यक विषयमा नीति, रणनीति, विनियम र निर्देशिका निर्माण गर्न बढीमा पाँच सदस्य भएको समिति बनाइनेछ र तोकिएको समयसिमा भित्र कार्य सम्पन्न गरे बापत संयोजकलाई रु. ७५००।– र प्रत्येक सदस्यलाई रु. ५०००।– को पारिश्रमिक प्रदान गर्न सकिनेछ। समिति मार्फत कार्यसम्पादन नगरी विज्ञबाट कार्यसम्पादन गराउनुपर्ने अवस्थामा ५ सदस्यीय समितिका सदस्यलाई दिनुपर्ने कुल पारिश्रमिक भन्दा नबढ्ने गरी पारिश्रमिक दिन सकिनेछ ।

(२) उपविनियम (१) बमोजिम प्राप्त भएका नीति, रणनीति, विनियम र निर्देशिकाको मस्यौदा कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन समितिको बैठकमा प्रस्तुतीकरण गरी प्राप्त सुझावहरूलाई समावेश गरी बुझाउनु पर्ने जिम्मेवारी सोही नीति, रणनीति र निर्देशिका निर्माण समिति वा जिम्मेवारी प्राप्त विज्ञको हुनेछ । समितिबाट प्राप्त हुन आएको उक्त दस्तावेज मूल्याङ्कन गरे बापत विज्ञलाई जनही रु. ३,०००।– पारिश्रमिक दिइनेछ।

(३) कार्यक्रमको उद्देश्य पूर्तिको लागि कुनै तालिम सञ्चालन गर्नु पर्ने भएमा तालिमको विषयवस्तु तयारी, तालिमको उद्देश्य, प्रशिक्षण तरिका, प्राप्त हुने उपलब्धी लगायतको तालिम पाठ्यक्रमहरू तयार पारि बुझाएबापत तालिमको पाठ्यक्रम निर्माणका लागि एक दिन सञ्चालन हुने तालिमको पाठ्यक्रम निर्माण गरेबापत रू. २०००।-, तीन दिनसम्मको पाठ्यक्रम निर्माण गरेबापत रू. ४०००।-, सात दिनसम्मको पाठ्यक्रम निर्माण गरेबापत रू. ६०००।- र सात दिनभन्दा बढी समयको तालिमको पाठ्यक्रम निर्माण गरे बापत रु. १०,०००।- पारिश्रमिक उपलब्ध गराइनेछ। प्राप्त हुन आएको पाठ्यक्रम मूल्याङ्कन गरेबापत विज्ञलाई जनही रु. २,०००।– पारिश्रमिक दिइनेछ।

(४) यस कार्यक्रम अन्तर्गत रही सञ्चालन हुने तालिम सञ्चालन प्रस्तुतीकरण वा तालिम कार्य गरेबापत प्रति घण्टा रु. ५,०००।– पारिश्रमिक दिइनेछ।

(५) विशिष्टीकृत उच्चशिक्षा कार्यक्रमको उद्देश्य प्राप्तिका लागि सञ्चालित सभा, गोष्ठी, निश्चित विषयमा समकक्षी अन्तरक्रिया, सम्मेलन, लगायतका विषयगत कार्यक्रममा कार्यपत्र प्रस्तुतकर्तालाई कार्यपत्र प्रस्तुत गरे वापत रु. ५,०००।–, कार्यपत्र बुझाए वापत रु. २५००।– र सोको विश्लेषण-टिप्पणीकर्तालाई रु. २,५००।– का दरले पारिश्रमिक दिइनेछ ।

(८) विशिष्टीकृत उच्चशिक्षा कार्यक्रम सञ्चालनको सुपरीवेक्षण र मूल्याङ्कनका लागि कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन समितिको स्वीकृतीमा सुपरीवेक्षण र प्रभावकारी मूल्याङ्कन प्रयोजन योजना निर्देशनालयले विषयगत कार्यक्रमका लागि प्रभावकारीता मूल्याङ्कन सूचक तयार गरि सुपरीवेक्षण एवं मूल्याङ्कन विज्ञ सहित मूल्याङ्कन गर्नेछ । यसरी मूल्याङ्कन गर्ने विज्ञलाई रु. ३,०००।- पारिश्रमिक दिइने छ।

(९) यस विनियममा लेखिएको बाहेक विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रमको लक्ष्य प्राप्तिका लागि गर्नुपर्ने कार्यहरूको पारिश्रमिक, सेवा, शर्त तथा सुविधाहरू कार्यक्रम समन्वय परिषदबाट तोकिएबमोजिम हुनेछ।

(१०) विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रम सञ्चालन गर्दा विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ संस्थासँग सहकार्य गर्ने अवस्थामा दुई पक्षीय सम्झौता (MOU) अनुरुप हुनेछ। तर उक्त सम्झौता कार्यक्रम समन्वय परिषदबाट स्वीकृति लिनुपर्नेछ।

## परिच्छेद ८

## विविध

१४. खारेजी र बचाउः (१) "त्रिभुवन विश्वविद्यालय विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रम सम्बन्धी विनियम, २०७९" खारेज गरिएको छ।

(२) उपविनियम (१) मा उल्लेखित विनियमबमोजिम भए गरेका काम कारवाही यसै विनियम बमोजिम भए गरेको मानिनेछ।

१५. व्याख्या र बाधा अड्काउ फुकाउने अधिकारः यस विनियममा उल्लेख गरिएका प्रसङ्गहरूको कार्यान्वयन गर्ने सन्दर्भमा अस्पष्टता भएमा विश्वविद्यालय अनुदान आयोगद्वारा विशिष्टीकृत उच्चशिक्षा प्रवर्धन कार्यक्रमको नीति र उद्देश्यमा असर नपर्ने गरी व्याख्या गर्ने अधिकार कार्यक्रम समन्वय परिषद्लाई हुनेछ । यसरी व्याख्या गर्दा नीति र उद्देश्यमा असर पर्ने भएमा वा थप व्याख्या गर्नुपर्ने भएमा कार्यकारी परिषद्ले गर्नेछ।

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय